काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २९२ ❐ सोमवार, १८ साउन, २०८३ ❐ Monday, 3 Aug 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

नेपाल शिक्षक महासङ्घले गऱ्यो आन्दोलनको घोषणा

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १७ साउन

नेपाल शिक्षक महासङ्घले आन्दोलनको घोषणा गरेको छ। शिक्षकका मागप्रति सरकार अनुदार देखिएको भन्दै आगामी भदौदेखि आन्दोलन गर्ने घोषणा गरेको हो। महासङ्घको बैठकको निर्णयबारे जानकारी गराउँदै अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले आन्दोलनका कार्यक्रमहरू छिट्टै सार्वजनिक गरिने बताए। सुवेदीले भने, 'आन्दोलनको ठोस मिति र कार्यक्रम तय गर्न विस्तारित कार्यालय बैठकलाई अधिकार प्रत्यायोजन गरिएको छ। कार्यालय बैठकले आन्दोलनको मोडेल ल्याउँछ।' सरकार र महासङ्घबिच पटक-पटक भएका सहमति सहितको अग्रगामी विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने माग अघि सारेको छ। शिक्षकहरूलाई साउन महिनाबाटै प्रोत्साहन भत्ता उपलब्ध गराउनुपर्ने, अव्यवहारिक सरुवा प्रबन्ध हटाउनुपर्ने लगायतका माग अघि सार्दै आन्दोलनको घोषणा गरेको हो। नेपाल शिक्षक महासङ्घको तेस्रो राष्ट्रिय परिषद्को बैठक शनिबार र आइतबार काठमाडौंमा बसेको थियो। अस्थायी, राहत, ज्यालादारी, संस्थागत विद्यालयमा कार्यरत र इसिइडी शिक्षक र विद्यालय कर्मचारीको न्यूनतम तलबलाई आन्दोलनको मुख्य मागको रूपमा अघि सार्ने भएका छन्।

बजेट वक्तव्यमा उल्लेख भए तापनि महालेखा नियन्त्रक कार्यालयको परिपत्र र कार्यक्रम कार्यान्वयन पुस्तिकाका कारण प्रोत्साहन भत्ता पाउने विषयमा शङ्का पैदा भएको भन्दै मन्त्रालयसँग तत्काल आधिकारिक वक्तव्य र तलबमान जारी गर्न माग गरेको छ।

कानुनी ग्यारेन्टीका बाबजुद कर्णालीका बालबालिका अधिकारबाट वञ्चित

बालविवाह, बालश्रम, छाउपडी प्रथा, गरिबी, गुणस्तरीय शिक्षा र स्वास्थ्यमा सीमित पहुँचका साथै भौगोलिक विकटता मुख्य बाधक

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १७ साउन

नेपालको संविधान र बालबालिका सम्बन्धी ऐन, २०७५ ले प्रत्येक बालबालिकालाई शिक्षा, स्वास्थ्य, संरक्षण र विकासको मौलिक अधिकार प्रत्याभूत गरेको छ। तर कर्णाली प्रदेशको व्यावहारिक धरातलमा भने बालबालिकाहरू अझै पनि आफ्ना आधारभूत अधिकारबाट पूर्ण रूपमा लाभान्वित हुन सकेका छैनन्। कानुनी रूपमा बालअधिकारका ठूला-ठूला कुरा गरिए पनि कर्णालीमा यसको वास्तविक स्थिति निकै निराशाजनक र चिन्ताजनक रहेको सरोकारवालाहरूले बताएका छन्। प्रदेशमा व्याप्त बालविवाह, बालश्रम, छाउपडी प्रथा, गरिबी, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सीमित पहुँच जस्ता सामाजिक तथा आर्थिक कारणहरूले गर्दा यहाँका बालबालिकाले कानुनले दिएको अधिकार व्यवहारमा उपभोग गर्न पाएका छैनन्।

बाल क्लब सञ्जाल कर्णाली प्रदेशकी महासचिव अस्मिता खड्काका अनुसार बालबालिकाका क्षेत्रमा केही प्रगति भए जस्तो देखिए पनि संविधान र ऐनले तोकेका सम्पूर्ण अधिकारहरू तल्लो तहसम्म पुग्न सकेका छैनन्। केवल कानुन र नीति बनाएर मात्र पुगदैन, बनेका कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ, खड्काले भनिन, स्थानीय तथा प्रदेश तहका हरेक निर्णय प्रक्रिया र योजना तर्जुमा गर्दा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्छ। बालबालिकाका कुरा सुन्ने र तिनलाई सम्बोधन गर्ने वातावरण अझै बनेको छैन।



तथ्यांकले देखाउँछ डरलाग्दो चित्र

बालअधिकार र सुरक्षाको अवस्था कति नाजुक छ भन्ने कुरा प्रहरीको तथ्याङ्कले पनि पुष्टी गर्छ। जिल्ला प्रहरी कार्यालय सुर्खेत अन्तर्गतको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका अनुसार पछिल्लो एक वर्षको अवधिमा मात्रै बालबालिकासम्बन्धी १ सय १ वटा गम्भीर उजुरी दर्ता भएका छन्। जबरजस्ती करणीमा ९१ वटा उजुरी जसमध्ये ५२ वटा घटना बालिकामाथि भएका छन। यस्तै बाल यौन दुर्व्यवहारमा ५ वटा उजुरी रहेका छन, भने जबरजस्ती करणी उद्योगमा ५ वटा उजुरी रहेका छन्।

प्रहरीको यो तथ्याङ्कले कर्णालीमा विशेष गरी बालिकाहरू यौनजन्य हिंसा र दुर्व्यवहारको उच्च जोखिममा रहेको प्रस्ट पार्छ। समाजमा यस्ता घटनाहरू अझै पनि सामसुम पारिने वा दबाउने गरिएकाले दर्ता नभएका घटनाको संख्या अझ बढी हुन सक्ने अनुमान गरिन्छ।

त्यस्तै अमरज्योति माध्यमिक विद्यालय नेवारे सुर्खेतका प्रधानाध्यापक खगेन्द्र थापाले बालअधिकारको विषय कुनै एउटा निकायको मात्र नभएर बहुपक्षीय जिम्मेवारी भएको बताए। उनका अनुसार बालमैत्री वातावरण निर्माण गर्नका लागि विद्यालय, परिवार, समुदाय र राज्यबिच निरन्तर समन्वय र सहकार्य आवश्यक छ। बालबालिकाको संरक्षणका लागि अभिभावक र समाज स्वयं पहिले सचेत बन्नुपर्ने थापाको जोड छ। बालअधिकारको क्षेत्रमा लामो समयदेखि क्रियाशील संस्था सीसीआर कर्णालीका अध्यक्ष टिकाराम आचार्यले कर्णाली प्रदेशको भौगोलिक विकटता र परम्परागत सामाजिक सोचका कारण बालअधिकार रक्षामा ठुलो चुनौती खडा भएको बताए। कर्णाली अन्य प्रदेशको तुलनामा भौगोलिक रूपमा निकै कठिन र सामाजिक संरचनाका हिसाबले विशिष्ट छ, आचार्यले बाँकी पृष्ठ २

प्रदेश सरकार भन्छ, लगानी र संरचना विस्तारमा जोड दिएका छौं

सरोकारवालाहरूको आलोचना र चिन्ताका बिच कर्णाली प्रदेश सरकारले भने बालबालिकाको संरक्षण, विकास र सहभागितालाई प्राथमिकतामा राखेर काम गरिरहेको दाबी गरेको छ। सामाजिक विकास मन्त्रालय अन्तर्गत शैक्षिक विकास तथा सामाजिक विकास महाशाखाका प्रमुख सुवर्ण खड्काले बालबालिकाको अधिकार रक्षाका लागि प्रदेश स्तरमा संरचनात्मक ढाँचा तयार पारिएको बताए। प्रदेश बालअधिकार समिति गठन गरी बालबालिकाको संरक्षण, विकास, सहभागिता र अधिकारका विविध आयामहरूमा काम सुरु गरिएको छ, खड्काले भने, विगतका वर्षहरूको तुलनामा बालबालिकालक्षित बजेट, कार्यक्रम र लगानीको दायरा विस्तार गरिएको छ। यसको सकारात्मक परिणामहरू विस्तारै देखिन थाल्नेछन्।

अस्थिर सरकारी नीतिको असर : खुम्चिँदैछ जीडीपी, घट्दैछ आयात र कर्जा

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १७ साउन

नेपालमा नीतिगत अस्थिरताले समग्र अर्थतन्त्रमा ठूलो र नकारात्मक असर पार्ने गरेको एक अध्ययनले देखाएको छ। नेपाल राष्ट्र बैंकको आर्थिक अनुसन्धान विभागले हालै प्रकाशित गरेको एक कार्यपत्रले यस्तो देखाएको हो 'म्याक्रोइकोनोमिक इफेक्ट्स अफ इकोनोमिक पोलिसी अनसर्टेन्टीः एभिडेन्स फ्रम नेपाल' नामक उक्त कार्यपत्रले बारम्बार परिवर्तन भइरहने सरकारी नीति, बजेट र मौद्रिक नीतिको अन्यौलताले अर्थतन्त्रमा प्रभाव पारेको अध्ययनको



निष्कर्ष छ।

राष्ट्र बैंकका अनुसन्धाताहरू वीरेन्द्र बहादुर बुढा, रोहन ब्यन्जनकार र स्वस्तिक नेपालले सन् २०११ देखि हालसम्मको अवधिलाई समेटेर नेपालमा नीतिगत अनिश्चितताको मापन गरेका थिए। अध्ययनले नीतिगत अस्थिरता वा अनिश्चितता बढ्दा नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी), सेयर बजार, निजी क्षेत्रमा जाने कर्जा र आयातमा भारी गिरावट आउने निष्कर्ष निकालेको छ।

अध्ययनकर्ताहरूले नीतिगत अनिश्चितता मापन गर्न गुगल ट्रेन्ड्सको नवीन विधिको प्रयोग गरेका छन्। जब अर्थतन्त्रमा कुनै नीतिगत परिवर्तन हुने हल्ला चल्छ वा संकट आउँछ, तब आम मानिस, लगानीकर्ता र व्यवसायीहरूले इन्टरनेटमा त्यसबारे बढी सर्च गर्न थाल्छन्।

अध्ययनमा अर्थतन्त्र, बजेट, मौद्रिक नीति, कर, ब्याजदर जस्ता ५६ वटा (विस्तारित रूपमा २०१ वटासम्म) आर्थिक शब्दहरूको गुगल सर्च भोल्युमलाई आधार मानेर गुगल ट्रेन्ड्स अनसर्टेन्टी इन्डेक्स (जीयूआई) तयार पारिएको थियो। मानिसहरूले यी विषयमा जति धेरै इन्टरनेटमा खोजी गर्छन्, अर्थतन्त्रमा उति नै धेरै अनिश्चितता छाएको मानिन्छ।

कर्णाली प्रदेश निर्माण व्यवसायी महासंघको अधिवेशन आजदेखि

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, १७ साउन

कर्णाली प्रदेश निर्माण व्यवसायी महासंघको सातौं वार्षिक साधारण सभा तथा तेस्रो अधिवेशन आज देखि प्रदेश राजधानी सुर्खेतमा सुरु हुने भएको छ। साउन १८ र १९ गतेसम्म सञ्चालन हुने अधिवेशन सुर्खेतस्थित शुभ होटलमा आयोजना गरिएको छ।



महासंघका अध्यक्ष यमबहादुर बिसीका अनुसार अधिवेशनको उद्घाटन निर्माण व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष निकोलस पाण्डेको प्रमुख आतिथ्यतामा हुनेछ। अधिवेशनमा कर्णाली प्रदेशका विभिन्न जिल्लाबाट निर्माण व्यवसायी, प्रतिनिधि तथा सरोकारवाला निकायका पदाधिकारीहरूको सहभागिता रहनेछ। कार्यक्रममा मुख्य राजनीतिक दल, नागरिक समाज तथा अन्य सरोकारवालाहरुलाई पनि निउता गरिएको छ।

कर्णाली प्रदेश निर्माण व्यवसायी महासंघका महासचिव मानव बमले अधिवेशनले निर्माण व्यवसायीहरूको हकहित संरक्षण, निर्माण क्षेत्रका चुनौती समाधान तथा आगामी कार्यदिशा तय गर्ने बताए। बार्षिक साधारण सभा तथा प्रदेश अधिवेशनका बिषयमा जानकारी दिन आइतबार आयोजित पत्रार सम्मेलनमा सरकारले सार्वजनिक खरिद ऐन संशोधन गरेर सकारात्मक सुरुवात गरेको भन्दै उनले त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताए।

महासचिव बमका अनुसार सार्वजनिक खरिद प्रणालीलाई अझ पारदर्शी, व्यवहारिक र समयानुकूल बनाइएमा निर्माण क्षेत्रका धेरै समस्या समाधान हुनेछन्। सरकारले बाँकी पृष्ठ २

सम्पादकीय

घरमै सरकारी सेवा, कोशेढुङ्गा साबित होस्

भौगोलिक रूपमा विकट र पहुँचका दृष्टिले कठिन कर्णाली प्रदेशमा सामान्यभन्दा सामान्य सरकारी काम बनाउन पनि नागरिकले वर्षौंदेखि सास्ती भोग्दै आएका छन्। एउटा सवारी चालक अनुमतिपत्र (ड्राइभिङ लाइसेन्स) हात पार्न दूरदराजका बासिन्दाले घण्टौं पैदल यात्रा गर्नुपर्ने, हजारौं रूपैयाँ भाडा र होटल बसाइमा खर्चनुपर्ने विवशता सर्वविदितै छ । यस्तो परिस्थितिमा कर्णाली प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय र हुलाक निर्देशनालय सुर्खेतबिच सेवाग्राहीको घरदैलोमै सवारी चालक अनुमतिपत्र पुऱ्याउने गरी भएको द्विपक्षीय समझदारी निसन्देह एउटा स्वागतयोग्य र ऐतिहासिक कदम हो । यो प्रशासनिक सुधार केवल एउटा कागजी सम्झौता मात्र होइन, सङ्घीयता र शासकीय सुधारको वास्तविक मर्मलाई व्यवहारमा उतार्ने प्रयास पनि हो। नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत 'शासकीय सुधार' प्रतिवेदनको बुँदा नम्बर २७ अनुसार सरकारी सेवालाई नागरिकको दैलोसम्म पुऱ्याउने र सुस्ताउँदै गएको हुलाक सेवालाई 'सरकारी कुरियर सेवा'का रूपमा पुनर्जीवित गर्ने नीति लिइएको थियो । सोही नीतिलाई देशमै पहिलो पटक कार्यान्वयनमा ल्याएर कर्णाली प्रदेशले आफूलाई जनमुखी शासकीय सुधारको अग्रपङ्क्तिमा उभ्याएको छ ।

प्रारम्भिक चरणमा सुर्खेत, जुम्ला र रूकुम (पश्चिम) को चौरजहारी स्थित यातायात कार्यालयहरूबाट सुरू गरी पछि प्रदेशभर विस्तार गरिने यो योजनाले नागरिकलाई आर्थिक र मानसिक रूपमा ठुलो राहत दिनेछ । लाइसेन्स लिनकै लागि सदरमुकाम धाउँदा हुने १० देखि २० हजार रूपैयाँसम्मको अनावश्यक आर्थिक बोझलाई घटाएर मात्र ४० रूपैयाँको हुलाक महसुलमा सीमित गरिनु सरकारी सेवा कति सुलभ हुन सक्छ भन्ने उदाहरण हो । यसबाट नागरिकको समय र धनको बचत हुनुका साथै यातायात कार्यालयहरूमा दिनहुँ हुने भीडभाड, बिचौलियाको अनुचित प्रभाव र प्रशासनिक ढिलासुस्तीमा समेत भारी कटौती हुने अपेक्षा गर्न सकिन्छ ।

यद्यपि सिद्धान्तमा जतिसुकै राम्रा योजना बने पनि तिनको सफलता चुस्त कार्यान्वयनमा निर्भर हुन्छ । खामबन्दी गरिएका महत्त्वपूर्ण कागजातहरूको सुरक्षित ढुवानी, सही ठेगानामा डेलिभरी र हुलाक संयन्त्रको सक्रियता यस सेवाको मेरूदण्ड हुन् । भौगोलिक रूपमा कठिन कर्णालीका दूरदराजसम्म बिनाकुनै बाधा समयमै लाइसेन्स पुऱ्याउन हुलाकका कर्मचारीहरू जिम्मेवार र प्रविधिमैत्री बन्नैपर्छ । नागरिक नागरिकता, राहदानी वा लाइसेन्स लिन सरकारकहाँ धाउने होइन, सरकार प्रविधिका माध्यमबाट नागरिकको दैलोमा पुग्नुपर्छ भन्ने आधुनिक सुशासनको अवधारणालाई कर्णालीले साकार पार्न खोजेको छ । साउन १५ देखि लागू भइसकेको यो समझदारीलाई निष्पक्ष, पारदर्शी र प्रभावकारी रूपमा अघि बढाउन सके यसले कर्णालीका अन्य सरकारी सेवाहरूलाई पनि प्रविधिमैत्री र जनमुखी बनाउने प्रेरणा दिनेछ । राज्यको उपस्थिति सिंहदरबार वा सदरमुकाममा मात्र होइन, दूरदराजका प्रत्येक नागरिकको घरदैलोमा हुनुपर्छ भन्ने सन्देश दिन यो कदम कोशेढुङ्गा साबित होस् ।

'प्रधानमन्त्रीज्यू, अब सामाजिक सञ्जाल होइन, नागरिकको जीवन बोल्नुपर्छ'



✍ सरोज भट्टराई

लोकतन्त्रको सबैभन्दा ठूलो सुन्दरता के हो भने यसले नागरिकलाई सरकार बदल्ने अधिकार मात्र दिँदैन, शासनको चरित्र बदल्ने अपेक्षा पनि राख्छ । जनताले प्रत्येक निर्वाचनमा केवल नयाँ अनुहार रोज्दैनन्; उनीहरूले नयाँ सोच, नयाँ संस्कार र नयाँ परिणामको खोजी गर्छन् । त्यसैले लोकतन्त्रमा सरकारको मूल्याङ्कन भाषण, नाराबाजी वा सामाजिक सञ्जालको लोकप्रियताबाट हुँदैन । इतिहासले अन्ततः एउटै प्रश्न सोध्छ– राज्यले नागरिकको जीवन कति सहज बनायो ?

पछिल्ला केही दिनयता सरकार र निजीक्षेत्रबीच निरन्तर संवाद भइरहेको छ । उद्योगी-व्यवसायी, बैंकर, पर्यटन व्यवसायी, निर्माण व्यवसायी तथा अन्य आर्थिक क्षेत्रका प्रतिनिधिहरूसँग भएका छलफलले कम्तीमा एउटा सकारात्मक सन्देश दिएको छ । अर्थतन्त्रको पुनरुत्थान सरकार एक्लैले गर्न सक्दैन भन्ने यथार्थ स्वीकारिएको छ । तर, यो संवादको मूल्य बैठकको संख्याले होइन, त्यसपछि आउने नीतिगत निर्णयले निर्धारण गर्नेछ ।

यदि यी बैठकहरू केही तस्वीर, केही समाचार शीर्षक र केही सामाजिक सञ्जालका पोस्टमा सीमित भए भने त्यसले अर्थतन्त्रलाई कुनै फरक पार्ने छैन । तर, यदि यही संवादले लगानीको वातावरण सुधाऱ्यो, उद्योग सञ्चालन सहज बनायो, उत्पादन बढायो र रोजगारी सिर्जना गऱ्यो भने त्यसले देशको दिशा बदल्न सक्छ ।

नेपालको आर्थिक संरचना हेर्दा निजीक्षेत्रलाई बेवास्ता गरेर समृद्धिको कल्पना गर्न सकिँदैन । नेपाल उद्योग वाणिज्य महासंघ र अन्तर्राष्ट्रिय वित्त निगमको संयुक्त अध्ययनअनुसार नेपालको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा निजीक्षेत्रको योगदान ८१.५५ प्रतिशत रहेको छ । देशको कुल रोजगारीमध्ये ८५ प्रतिशतभन्दा बढी रोजगारी निजीक्षेत्रले सिर्जना गरेको छ। कुल स्थिर लगानीको झण्डै तीनचौथाइ हिस्सा पनि निजीक्षेत्रबाट आएको छ । यी तथ्यांकले एउटा स्पष्ट कुरा भन्छन् निजीक्षेत्र कुनै राजनीतिक विचारधाराको विषय होइन; यो राष्ट्रको आर्थिक यथार्थ हो । त्यसैले सरकार र निजीक्षेत्रबीचको सम्बन्ध अविश्वासको होइन, उत्तरदायी साझेदारीको हुनुपर्छ । यसको अर्थ निजीक्षेत्र आलोचनाभन्दा माथि छ भन्ने होइन ।

बजारमा कर छलि हुन्छ, कृत्रिम अभाव सिर्जना गरिन्छ, उपभोक्ता ठगिन्छन्, केही व्यवसायीले कानुन उल्लंघन पनि गर्छन् । यस्ता कार्यमा राज्य कठोर हुनुपर्छ । तर, केही व्यक्तिको कमजोरीलाई आधार बनाएर सम्पूर्ण उद्यमशील समुदायलाई अपराधीको दृष्टिले हेर्नु न त आर्थिक रूपमा बुद्धिमानी हुन्छ, न त राजनीतिक रूपमा परिपक्व ।

कानुनले व्यक्तिलाई कारबाही गर्नुपर्छ, सम्पूर्ण क्षेत्रलाई शंकाको घेरामा राख्नु हुँदैन । निष्पक्ष बजार अर्थतन्त्रको आधार नै यही हो इमानदारलाई प्रोत्साहन र बेइमानलाई दण्ड । आज नेपालको अर्थतन्त्र कठिन मोडमा उभिएको छ । उत्पादनमूलक उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । निर्माण क्षेत्र सुस्त छ । बैंकिङ प्रणालीमा लगानीयोग्य रकम पर्याप्त हुँदा पनि निजी लगानी अपेक्षित रूपमा बढ्न सकेको छैन । हजारौं साना तथा मझौला उद्योगहरूले सञ्चालन खर्च धान्न संघर्ष गरिरहेका छन् । प्रत्येक दिन ठूलो संख्यामा युवा वैदेशिक रोजगारीका लागि देश छोडिरहेका छन् ।

राष्ट्रिय तथ्यांक कार्यालयको बहुआयामिक गरिबी सूचकांकअनुसार नेपालका करिब १७.४ प्रतिशत नागरिक अझै बहुआयामिक गरिबीमा छन् । यसको अर्थ लाखौं नेपाली अझै गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सेवा, पोषण, सुरक्षित आवास र सम्मानजनक रोजगारीबाट वञ्चित छन् । यस्ता नागरिकका लागि सरकार परिवर्तनभन्दा जीवन परिवर्तन ठूलो कुरा हो ।

गरिबी केवल आम्दानीको अभाव होइन, अवसरको अभाव पनि हो । एउटा किसानले उत्पादन गरेको स्याउ बजारसम्म पुऱ्याउन नसक्नु पनि गरिबी हो । एउटा विद्यार्थीले राम्रो विद्यालय नपाउनु पनि गरिबी हो । एउटा बिरामीले समयमै उपचार नपाउनु पनि गरिबी हो । एउटा शिक्षित युवाले आफ्नै देशमा अवसर नपाएर विदेशिनु पनि गरिबीको अर्को रूप हो । त्यसैले विकासको अर्थ केवल जीडीपी बढ्नु होइन; नागरिकको जीवनमा अवसर विस्तार हुनु हो ।

गरिबी केवल आम्दानीको अभाव होइन, अवसरको अभाव पनि हो । एउटा किसानले उत्पादन गरेको स्याउ बजारसम्म पुऱ्याउन नसक्नु पनि गरिबी हो । एउटा विद्यार्थीले राम्रो विद्यालय नपाउनु पनि गरिबी हो । एउटा बिरामीले समयमै उपचार नपाउनु पनि गरिबी हो ।

नेपालको वास्तविक अनुहार राजधानीका सम्मेलन कक्षमा भन्दा धेरै डोल्पाका गाउँमा, रुकुमका बस्तीमा, हुम्लाका विद्यालयमा, जाजरकोटका स्वास्थ्य चौकीमा, मधेशका खेतमा र पूर्वका उद्योग क्षेत्रमा देखिन्छ । डोल्पाको किसानले स्याउ उत्पादन गर्छ, तर सडक र चिस्यान भण्डारण नहुँदा उचित मूल्य पाउँदैन ।

रुकुमको युवाले स्नातक तह पूरा गर्छ, तर आफ्नै जिल्लामा रोजगारी नपाएर वैदेशिक रोजगारीको बाटो रोज्न बाध्य हुन्छ । कर्णालीका धेरै स्थानीय तहमा आज पनि आधारभूत स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध छैन । यी समस्या सामाजिक सञ्जालमा भाइरल भएका भिडियोले समाधान गर्दैनन्; स्पष्ट नीति, प्रभावकारी कार्यान्वयन र उत्तरदायी प्रशासनले मात्र समाधान गर्छ ।

विश्व इतिहासले पनि यस्तै उदाहरणहरू दिएको छ । दक्षिण कोरिया १९६० को दशकसम्म विश्वका गरिब राष्ट्रहरूमध्ये एक थियो । प्राकृतिक स्रोत सीमित थिए, पूर्वाधार कमजोर थियो र प्रतिव्यक्ति आय अत्यन्त न्यून थियो । तर, सरकारले निजीक्षेत्रलाई प्रतिस्पर्धी वातावरण दियो, शिक्षा र औद्योगिकीकरणलाई प्राथमिकता दियो, निर्यातमुखी नीति अपनायो र दीर्घकालीन आर्थिक योजना बनाएर निरन्तर कार्यान्वयन गऱ्यो । परिणामस्वरूप केही दशकभित्रै दक्षिण कोरिया विश्वकै अग्रणी औद्योगिक अर्थतन्त्रमा परिणत भयो । त्यहाँ परिवर्तन भाषणले होइन, नीतिको निरन्तरताले सम्भव भयो । नेपालले त्यही मोडेल हुबहु अपनाउन सक्दैन, तर एउटा पाठ भने अवश्य सिक्न सक्छ नीति स्थिर भयो भने लगानी आउँछ । लगानी आयो भने उत्पादन बढ्छ । उत्पादन बढ्यो भने रोजगारी सिर्जना हुन्छ र रोजगारी बढ्यो भने गरिबी घट्छ ।

आजको पुस्ता विशेष गरी जेन-जीले परम्परागत राजनीतिक संस्कारभन्दा फरक नेतृत्वको अपेक्षा गरेको छ । उनीहरूले सामाजिक सञ्जालमा आकर्षक अभिव्यक्तिभन्दा बढी पारदर्शी निर्णय, छिटो सेवा, प्रविधिमैत्री प्रशासन, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता र अवसरको समान पहुँच खोजेका छन् । यही कारणले नयाँ राजनीतिक शक्तिप्रति आशा जन्मिएको हो । तर, आशा स्थायी हुँदैन । त्यसलाई परिणामले जोगाउनु पर्छ । लोकप्रियता चुनाव जित्न पर्याप्त हुन सक्छ, तर इतिहास जित्न पर्याप्त हुँदैन ।

आजको पुस्ता विशेष गरी जेन-जीले परम्परागत राजनीतिक संस्कारभन्दा फरक नेतृत्वको अपेक्षा गरेको छ । उनीहरूले सामाजिक सञ्जालमा आकर्षक अभिव्यक्तिभन्दा बढी पारदर्शी निर्णय, छिटो सेवा, प्रविधिमैत्री प्रशासन, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता र अवसरको समान पहुँच खोजेका छन् ।

राज्य सञ्चालनको सफलता आलोचकलाई हराउनुमा होइन, आलोचना नै कम हुने वातावरण निर्माण गर्नुमा हुन्छ । सरकारको शक्ति प्रतिशोधमा होइन, सुधारमा देखिनुपर्छ । प्रशासनको उद्देश्य नियन्त्रण मात्र होइन, सेवा पनि हो । कानुनको उद्देश्य दण्ड मात्र होइन, न्याय पनि हो । लोकतन्त्रमा नागरिकले सरकारी कार्यालयमा पुग्दा डर होइन, भरोसा अनुभव गर्नुपर्छ ।

जबर्जस्तीका घटना बढ्दै

❐ काँक्रेविहार संवाददाता

सल्यान, १७ साउन

गत एक वर्षको अवधिमा जबर्जस्ती करणीका १७ वटा घटना दर्ता भएका छन् । यससँगै जबर्जस्ती करणी उद्योगका थप सात वटा घटना पनि सार्वजनिक भएका छन् । जिल्ला प्रहरी कार्यालय सल्यानका अनुसार आर्थिक वर्ष २०८२/८३ मा जबर्जस्ती करणी र करणी उद्योग गरी कुल २४ वटा घटना दर्ता भएका छन्, जसले जिल्लामा महिला तथा बालबालिकाविरुद्ध हुने यौनजन्य अपराध अझै पनि गम्भीर सामाजिक चुनौतीका रूपमा रहेको देखाएको छ ।

जिल्ला प्रहरी कार्यालय सल्यानका सूचना अधिकारी ईश्वर रोकायका अनुसार यस प्रकारका घटनाको संख्या चिन्ताजनक रहेको छ । उनका अनुसार जबर्जस्ती करणीजस्ता जघन्य अपराध हुनुमा चेतनाको कमी, सामाजिक उत्तरदायित्वको अभाव तथा पारिवारिक निगरानी कमजोर हुनु प्रमुख कारणका रूपमा देखिएका छन् । उनले यस्ता घटनाले समाजमा असुरक्षाको भावना बढाउने भएकाले सबै पक्षले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याए । प्रहरीको तथ्यांक अनुसार अधिकांश घटनामा पीडितहरू सानो उमेर समूहका रहेका छन् भने धेरैजसो घटनामा आफन्त वा चिनेजानेका व्यक्तिको संलग्नता देखिएको छ ।

आर्थिक वर्ष २०८१/८२ मा जबर्जस्ती करणीका २० तथा करणी उद्योगका छ घटना दर्ता भएका थिए । अघिल्लो वर्षको तुलनामा जबर्जस्ती करणीका घटना केही घटेको देखिए पनि समग्रमा यौन हिंसाका घटना अझै उच्च रहेकाले यसलाई सामान्य रूपमा लिन नहुने प्रहरीको भनाइ छ । प्रहरीले पछिल्लो समय मोबाइल फोन तथा सामाजिक सञ्जालको दुरुपयोग, नैतिक मूल्य-मान्यतामा आएको ह्रास, मानवीय संवेदनशीलतामा कमी र पर्याप्त जनचेतनाको अभावका कारण यस्ता अपराध बढ्न सक्ने जनाएको छ । यस्ता घटनाको न्यूनीकरणका लागि जिल्ला प्रहरी कार्यालय सल्यानले सामुदायिक प्रहरी साझेदारी कार्यक्रम, विद्यालयकेन्द्रित सचेतना अभियान तथा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ । सूचना अधिकारी रोकायका अनुसार गत एक वर्षको अवधिमा जबर्जस्ती करणी, आत्महत्या, बालविवाह, लागुऔषध दुरुपयोग तथा अन्य सामाजिक अपराधसम्बन्धी विषयमा २५ हजार सात सय ३४ जनासम्म सचेतनामूलक सन्देश पुऱ्याइएको छ । प्रहरीका अनुसार समुदाय, विद्यालय, अभिभावक र सरोकारवाला निकायबीचको सहकार्यलाई थप प्रभावकारी बनाउन सके मात्र यस्ता जघन्य अपराध न्यूनीकरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

कर्णाली

सार्वजनिक खरिद ऐन संशोधन गरेर राम्रो सुरुवात गरेको छ । उनले भने, अब यसको प्रभावकारी कार्यान्वयनमार्फत निर्माण उद्योगलाई थप व्यवस्थित र व्यवसायमैत्री वातावरण बनाउन आवश्यक छ । निर्माण क्षेत्रलाई अर्थतन्त्रको प्रमुख आधारका रूपमा विकास गर्न सरकार, निजी क्षेत्र र सरोकारवाला निकायबीच समन्वय अपरिहार्य रहेको उनको भनाई छ । बमले निर्माण उद्योगलाई व्यवस्थित, प्रतिस्पर्धी र प्रभावकारी बनाउन सके राज्यको पुँजीगत खर्च बढ्ने, विकास निर्माणले गति लिने र समग्र अर्थतन्त्र चलायमान हुने बताए ।

निर्माण व्यवसायीहरूले लामो समयदेखि भोग्दै आएका भुक्तानी ढिलाइ, लागत समायोजन, ठेक्का व्यवस्थापन तथा नीतिगत जटिलताका विषयमा अधिवेशनमा गहन छलफल हुने महासंघले जनाएको छ ती समस्याको समाधानका लागि साझा धारणा तयार गरी सम्बन्धित निकायसमक्ष सुझाव प्रस्तुत गरिनेछ दुईदिने अधिवेशनमा महासंघको सांगठनिक अवस्था, आर्थिक प्रतिवेदन, आगामी कार्ययोजना तथा निर्माण क्षेत्रसँग सम्बन्धित समसामयिक विषयमा छलफल गरिने कार्यक्रम रहेको छ ।

महासंघले नयाँ नेतृत्व चयनका लागि पनि तयारी गरेको छ । महासचिव बमले सकेसम्म सहमतिका आधारमा नयाँ नेतृत्व चयन गर्ने प्रयास भइरहेको जानकारी दिए उनले भने, हाम्रो पहिलो प्राथमिकता सहमतिमै नेतृत्व चयन गर्नु हो । यदि सहमति जुट्न सकेन भने विधानअनुसार लोकतान्त्रिक प्रक्रियाबाट निर्वाचन गरिनेछ । निर्माण व्यवसायीहरूले पछिल्लो समय सार्वजनिक खरिद प्रणाली, बजेट कार्यान्वयन, भुक्तानी व्यवस्थापन तथा निर्माण सामग्रीको मूल्यवृद्धिलगायत विषयमा देखिएका चुनौती समाधानका लागि सरकारसँग निरन्तर संवाद गर्दै आएका छन् । महासंघले यस अधिवेशनबाट निर्माण व्यवसायलाई थप व्यवस्थित, जिम्मेवार र प्रभावकारी बनाउँदै प्रदेशको विकास निर्माणलाई गति दिने तथा राज्यको पुँजीगत खर्च वृद्धि गर्न ठोस निष्कर्षसहित अघि बढ्ने उद्घोष गरिएको छ ।

कानुनी

स्पष्ट पारे, यहाँ बालविवाहको दर अझै पनि डरलाग्दो रूपमा उच्च छ । बालश्रम र छाउपडीजस्ता कुप्रथाहरू उन्मूलन हुन सकेका छैनन् । यी अभ्यासहरूले अन्ततः बालबालिकाको शारीरिक, मानसिक र सामाजिक विकासमा प्रहार गर्दै बालअधिकारको गम्भीर उल्लङ्घन गरिरहेका छन् । त्यसैले अब भाषणमा भन्दा व्यवहारमा सरोकारवालाहरू गम्भीर बन्नुपर्ने बेला आएको छ ।

सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

वीरेन्द्रनगर-६, सुर्खेत (०८३-५२२०६६, ५२१४७७)

ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०४/१८ गते, सोमबार)

यस सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडबाट तपसिलमा उल्लेखित तपाईं ऋणी सदस्यले विभिन्न शीर्षकअन्तर्गत लिनु भएको ऋणको साँवा, ब्याज र अन्य दैदस्तुरसमेत यसै संस्थासँगको सर्त कबुलियत बमोजिम मासिक तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाइ सो सम्बन्धमा पटक-पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्रमार्फत अनुरोध गर्दा पनि ऋणको साँवा, ब्याज र अन्य दैदस्तुरसमेत संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाइ ऋणसम्बन्धी सर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण चुक्ता, भुक्तान गर्नको लागि संस्थाले काँक्रेविहार राष्ट्रिय दैनिक पत्रिकामार्फत ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र संस्थाको मुख्य कार्यालय तथा सम्पर्क कार्यालयमा सम्पर्क राखि संस्थालाई तिर्नू, बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (ऋणको सावाँ, ब्याज, हर्जना र अन्य दैदस्तुर रकम) समेत चुक्ता गर्नहुन सुचित गरिन्छ।

अन्यथा यो सूचनाबमोजिम आफूले लिएको ऋणको बाँकी बक्यौता तिर्न बुझाउन नआएमा ऋणी र धितो जमानत दिने सदस्यहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा समावेश गरिनेछ र सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम २०७८, ऋण व्यवस्थापन कार्यविधि २०७८, ऋण अन्वेषण कार्यविधि २०७९ तथा प्रचलित कानुनबमोजिम (म संस्थाले आफ्नो सम्पूर्ण लेना रकम) असुल उपर गरी लिने व्यहोरा अवगत गराउँदछौं। सहकारी ऐनको दफा (८०) बमोजिम कालो सूचिमा समावेश गरी कानुनी प्रक्रियासमेत अगाडि बढाउने र संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानुनअनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दैदस्तुर असूल उपरका लागि कानुनी प्रक्रिया अगाडि बढाइ असुलउपर गरिने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरू तथा सम्बन्धित सबैलाई यो सूचनामार्फत सूचित गरिन्छ।

ऋणीको विवरण

क्र.सं.	ऋणी सदस्यको नाम/तीन पुस्ते विवरण	फोटो	जमानीको नाम थर
१	**ऋणीको नाम : बाल कुमारी बाकाबल** **बाबु** - शेर बहादुर ताराम **बाजे** - सहवीर ताराम श्रीमान-अम्मरबहादुर वाकावल ससुरा-दल बहादुर वाकावल ना.प्र.न.-६४३०२४/६६ सुर्खेत स्थायी ठेगाना-कल्याण ५, सुर्खेत हालको ठेगाना- लेकवेशी ६, सुर्खेत		भविसरा खरु लेकवेशी- ६, सुर्खेत मनिसरा वाकावल लेकवेशी- ६, सुर्खेत रुपसरी वली लेकवेशी- ६, सुर्खेत
२	**ऋणीको नाम : बीर बहादुर सिजाली** **बाबु** - नरविर सिजाली **बाजे**- श्रीलाल सिजाली श्रीमती- याम कुमारी सिजाली ना.प्र.न.-६२२५०६ सुर्खेत स्थायी ठेगाना- साटाखानी -७, सुर्खेत हालको ठेगाना -लेकवेशी ९, सुर्खेत		कृष्णा कुमारी छन्तेल लेकवेशी -९, सुर्खेत राधा कुमारी खाम्चा लेकवेशी -९, सुर्खेत गोमा कुमारी थापा लेकवेशी -९, सुर्खेत
३	**ऋणीको नाम : मन बहादुर पुलामी** **बाबु**-दिल बहादुर पुलामी **बाजे**-अम्मर सिं पुलामी श्रीमती-जैकली पुलामी ना.प्र.न. ५५३५१/११५२ सुर्खेत स्थायी ठेगाना-कल्याण ९ सुर्खेत हालको ठेगाना-लेकवेशी ७ सुर्खेत		सुमित्रा बुढा मगर लेकवेशी -७, सुर्खेत जैकला पुलामी लेकवेशी -७, सुर्खेत याम बहादुर पुलामी लेकवेशी -७, सुर्खेत दल बहादुर पुलामी लेकवेशी -७, सुर्खेत
४	**ऋणीको नाम : दिल बहादुर कानुङ्ग** **बाबु**-शेरबहादुर कानुङ्ग **बाजे**- वीरबहादुर कानुङ्ग श्रीमती-ललिता कानुङ्ग ना.प्र.न.-६४-०१-६९-०४३६४ सुर्खेत स्थायी ठेगाना-कल्याण -५, सुर्खेत हालको ठेगाना- लेकवेशी-६, सुर्खेत **पारिवारिक जमानी दिने : नाम-**ललिता कानुङ्ग, **नाता-**श्रीमती **ठेगाना-**लेकवेशी-६, सुर्खेत		देव बहादुर बराल लेकवेशी- ७, सुर्खेत मन बहादुर पुलामी लेकवेशी- ७, सुर्खेत जयकला पुलामी लेकवेशी- ७, सुर्खेत बिर्मा कुमारी बराल लेकवेशी- ७, सुर्खेत
५	**ऋणीको नाम : झुमा गरंजा** **बाबु**-नर बहादुर गरंजा **बाजे**- दिर्घ बिर गरंजा श्रीमान- मदन रजाली ससुरा- मान बहादुर रजाली ना.प्र.न.-६४३०४४/३५८ सुर्खेत स्थायी ठेगाना- दहचौर २, सुर्खेत हालको ठेगाना- लेकवेशी -७, **पारिवारिक जमानी दिने : नाम-** मदन रजाली **नाता-**श्रीमान **ठेगाना-** लेकवेशी-७, सुर्खेत		पदमा कुमारी विसी बराल मगर लेकवेशी- ७, सुर्खेत कर्णा कुमारी बुढा लेकवेशी- ७, सुर्खेत कौशिला बिर्कटा लेकवेशी- ७, सुर्खेत
६	**ऋणीको नाम : कलीसरा बराल** **बाबु** - धन ब. श्रीस **बाजे** -धन बहादुर श्रीस श्रीमान-थुमान सिं बराल ससुरा- मर्नविर बराल ना.प्र.न. ४२५६८/७७२ स्थायी ठेगाना-कल्याण ९ सुर्खेत हालको ठेगाना- लेकवेशी -७, सुर्खेत		सुमित्रा बुढा मगर लेकवेशी- ७, सुर्खेत पवित्रा वराल लेकवेशी- ७, सुर्खेत कर्ण कुमारी बुढा लेकवेशी- ७, सुर्खेत
७	**ऋणीको नाम : भुमिसरा बुढा** **बाबु**-कर्ण बहादुर दर्लामी **बाजे**- नरविर दर्लामी श्रीमान-शिवध्वज बुढा ससुरा-लाल बहादुर बुढा ना.प्र.न.- ५६९८०/६१५ सुर्खेत स्थायी ठेगाना- नेटा ६, सुर्खेत हालको ठेगाना- लेकवेशी ६, सुर्खेत		टेक दत्त राम्जाली लेकवेशी- ६, सुर्खेत तिलिसरा सिजाली लेकवेशी- ६, सुर्खेत यज्ञवती राम्जाली लेकवेशी- ६, सुर्खेत
८	**ऋणीको नाम : धनसरी सलामी** **बाबु**-मोहन सिं गुरुङ्ग **बाजे**- तिलवीर गुरुङ्ग श्रीमान-चक्रबहादुर सिजाली ससुरा-भक्त बहादुर सलामी ना.प्र.न. ६५१४१ सुर्खेत स्थायी ठेगाना- कल्याण ३ सुर्खेत हालको ठेगाना-लेकवेशी ६ सुर्खेत		रम्मा कुमारी गुरुङ्ग लेकवेशी- ६, सुर्खेत रमेश कुमार राना लेकवेशी- ६, सुर्खेत उमाकान्त गाहा लेकवेशी- ६, सुर्खेत पदमा सिजाली लेकवेशी- ६, सुर्खेत

क्र.सं.	ऋणी सदस्यको नाम/तीन पुस्ते विवरण	फोटो	जमानीको नाम थर
९	**ऋणीको नाम : कौसिला खप्तडी** **बाबु** -रत्नबहादुर रास्कोटी **बाजे** - पदमबहादुर रास्कोटी **श्रीमान**-सहविर खप्तडी **ससुरा**- लिलाराम खप्तडी ना.प्र.न.-६४३०२४/१५८ सुर्खेत स्थायी ठेगाना-कल्याण ५, सुर्खेत हालको ठेगाना- लेकवेशी ६, सुर्खेत		विनु घर्ति लेकवेशी- ६, सुर्खेत रिमला बाकाबल लेकवेशी- ६, सुर्खेत निशा कामु बाकाबल लेकवेशी- ६, सुर्खेत
१०	**ऋणीको नाम :लाल बहादुर राना** **बाबु**-नन्दवीर राना **बाजे**-अम्मर बहादुर राना श्रीमती-झकिसरा राना ना.प्र.न.२४९ सुर्खेत स्थायी ठेगाना-डाडागाउँ ९ सुर्खेत हालको ठेगाना-लेकवेशी ७ सुर्खेत **पारिवारिक जमानी दिने : नाम-** जकिसरा राना **नाता-**श्रीमती **ठेगाना-** लेकवेशी-७, सुर्खेत		टिका छेन्तल लेकवेशी ७ सुर्खेत शान्ति रामजाली लेकवेशी ७ सुर्खेत बेलमती श्रीस लेकवेशी ७ सुर्खेत
११	**ऋणीको नाम : शिला रोका** **बाबु**-शेर बहादुर खत्री **बाजे**- बल बहादुर खत्री श्रीमान-किसान रोका ससुरा-अम्मर बहादुर रोका ना.प्र.न..६४-०१-७७-०८७२९ सुर्खेत स्थायी ठेगाना- गुमि ४ सुर्खेत हालको ठेगाना-गुर्भाकोट १४, सुर्खेत **पारिवारिक जमानी दिने : नाम-** किसान रोका **नाता-**श्रीमान **ठेगाना-** गुर्भाकोट-१४,सुर्खेत		निर्मला पुन गुर्भाकोट-१४, सुर्खेत कुश्मा श्रीस गुर्भाकोट-१४, सुर्खेत वेलमाया श्रीस गुर्भाकोट-१४, सुर्खेत यशोदा पुन गुर्भाकोट-१४, सुर्खेत
१२	**ऋणीको नाम : प्रेमकली गुरुङ्ग** **बाबु**-पुर्णबहादुर रास्कोटी मगर **बाजे**-तुलबहादुर रास्कोटी मगर श्रीमान-अम्मर बहादुर गुरुङ्ग ससुरा-सहविर गुरुङ्ग ना.प्र.न.-६४-०१-७४-०१०१०, सुर्खेत स्थायी ठेगाना-बराहताल-९, सुर्खेत हालको ठेगाना-बराहताल-९ सुर्खेत **पारिवारिक जमानी दिने : नाम-** अम्मर बहादुर गुरुङ्ग **नाता-**श्रीमान **ठेगाना-** बराहताल ९, सुर्खेत		भावना दर्लामी बराहताल-५, सुर्खेत देवीसरा दर्लामी बराहताल-५, सुर्खेत रक्षा बलामी बराहताल-५, सुर्खेत सरिता बलामी बराहताल-५, सुर्खेत
१३	**ऋणीको नाम : गंगा राजी** **बाबु**-रमेश बहादुर राजी **बाजे**-जग बहादुर राजी श्रीमान-हरिबहादुर सिजाली ससुरा-अमर बहादुर सिजाली ना.प्र.न.-६४-०१-७०-०४१०२ सुर्खेत स्थायी ठेगाना-उत्तरगंगा ५,सुर्खेत हालको ठेगाना-बराहताल-८ सुर्खेत		पुष्पा बलामी बराहताल-५, सुर्खेत रुपमाया गंरजा बराहताल-५, सुर्खेत थिर ब. गंरजा बराहताल-५, सुर्खेत देवीसरा सलामी बराहताल-५, सुर्खेत
१४	**ऋणीको नाम : हेमा घर्ति** **बाबु**-गगनसिं घर्ति **बाजे**- मन बहादुर घर्ति श्रीमान- मदन रजाली ससुरा- जंग बहादुर घर्ति ना.प्र.न.-६४३०४६/३५७ सुर्खेत स्थायी ठेगाना- सहारे ७, सुर्खेत हालको ठेगाना- गुर्भाकोट ९, सुर्खेत **पारिवारिक जमानी दिने : नाम-** विरेन्द्र पुन **नाता-**श्रीमान **ठेगाना-** गुर्भाकोट ९ सुर्खेत		वीरेन्द्र पुन गुर्भाकोट ९ सुर्खेत शान्ति कुमारी सोमै गुर्भाकोट ९ सुर्खेत मनिसा राना गुर्भाकोट ९ सुर्खेत लक्ष्मी पुन गुर्भाकोट ९ सुर्खेत
१५	**ऋणीको नाम : गौमती सारु** **बाबु**- खड्कबहादुर मर्साङ्गी **बाजे**-नरबहादुर मर्साङ्गी श्रीमान-प्रकाश सारु ससुरा-रबिलाल सारु ना.प्र.न.-७६५६७ सुर्खेत स्थायी ठेगाना-कुनाथरी-४,सुर्खेत हालको ठेगाना-बराहताल-५ सुर्खेत **पारिवारिक जमानी दिने : नाम-** प्रकाश सारु **नाता-**श्रीमान **ठेगाना-** बराहताल-५ सुर्खेत		राज कु. पुलामी मगर बराहताल-५, सुर्खेत प्रमिला राई बराहताल-५, सुर्खेत लाल कु. मर्साङ्गी बराहताल-५, सुर्खेत पुष्पा डम्रपाल बराहताल-५, सुर्खेत
१६	**ऋणीको नाम : यामुमाया कामु** **बाबु**-राजाराम गरंजा **बाजे**-ईन्द्र बहादुर गरंजा श्रीमान-गणेश बहादुर कामु ससुरा-पुर्ण बहादुर कामु ना.प्र.न.-४९०१५ स्थायी ठेगाना-कुनाथरी ४, सुर्खेत हालको ठेगाना-बराहताल-५ सुर्खेत **पारिवारिक जमानी दिने :** **नाम-** गणेश बहादुर कामु **नाता-**श्रीमान **ठेगाना-** बराहताल ५, सुर्खेत		गीता वलामी बराहताल-५, सुर्खेत रेखा गरंजा बराहताल-५, सुर्खेत गणेश वहादुर कामु बराहताल-५, सुर्खेत पविसरा वलामी बराहताल-५, सुर्खेत
१७	**ऋणीको नाम : वीरेन्द्र पुन** **बाबु**-जंग बहादुर पुन **बाजे**-लालसिं पुन श्रीमान-हेमा घर्ति ना.प्र.न.-६६८६६ स्थायी ठेगाना-सहारे-८, सुर्खेत हालको ठेगाना-गुर्भाकोट-९, सुर्खेत **पारिवारिक जमानी दिने : नाम-** हेमा घर्ति **नाता-**श्रीमती **ठेगाना-** गुर्भाकोट-९, सुर्खेत		मनिसा राना गुर्भाकोट ९ सुर्खेत लक्ष्मी पुन गुर्भाकोट ९ सुर्खेत हेमा घर्ति गुर्भाकोट ९ सुर्खेत
१८	**ऋणीको नाम : गणेश वहादुर कामु** **बाबु**-पुर्ण बहादुर कामु **बाजे**-सहवीर कामु श्रीमती- यामुमाया कामु ना.प्र.न.-२३९० स्थायी ठेगाना-कुनाथरी ३, सुर्खेत हालको ठेगाना-बराहताल-५ सुर्खेत **पारिवारिक जमानी दिने : नाम-** यामुमाया कामु **नाता-**श्रीमती **ठेगाना-** बराहताल-५, सुर्खेत		गीता वलामी बराहताल-५, सुर्खेत रेखा गरंजा बराहताल-५, सुर्खेत यामुमाया कामु बराहताल-५, सुर्खेत पविसरा वलामी बराहताल-५, सुर्खेत

काँक्रेविहार राष्ट्रिय दैनिक
समाचार
सोमवार, १८ साउन, २०८३
Monday, 3 Aug 2026
सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

जुम्लामा बढ्दै कोदो खेती



काँक्रेविहार संवाददाता
जुम्ला, १७ साउन

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा जुम्ली कोदोको पिठोको माग बढ्न थालेपछि जुम्लामा कोदो खेतीको क्षेत्र विस्तार हुन थालेको छ। केही वर्षअघि घट्दै गएको कोदो खेतीमा किसानको आकर्षण पुनः बढेको छ भने यस वर्ष खेती हुने क्षेत्रफल पनि वृद्धि भएको जिल्ला कृषि विकास कार्यालय जुम्लाले जनाएको छ।

कार्यालयका प्रमुख रामभक्त अधिकारीका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा दुई हजार सात सय ३५ हेक्टर क्षेत्रफलमा कोदो खेती गरिएको थियो। यस वर्ष खेती हुने क्षेत्रफल करिब २.५ हेक्टरले बढेर दुई हजार सात सय ३७.५ हेक्टर पुगेको छ।

पर्याप्त वर्षा, रोग-कीराको कम प्रकोप तथा बजारमा राम्रो मूल्य पाइने अवस्थाका कारण यस वर्ष उत्पादन पनि बढ्ने अनुमान गरिएको उनले बताए। उनका अनुसार गत वर्ष जुम्लामा करिब ३ हजार आठ सय ५० मेट्रिक टन कोदो उत्पादन भएको थियो।

जिल्लाको पातारासी र तिला गाउँपालिकामा सबैभन्दा बढी कोदो उत्पादन हुने गरेको छ। लेकाली क्षेत्रमा कोदो खेतीका लागि उपयुक्त वातावरण भएकाले ती क्षेत्रमा किसानले परम्परागत रूपमा यसको उत्पादन गर्दै आएका छन्। गत वर्ष जुम्लामा सञ्चालित अर्गानिक मिनी मार्केटमार्फत मात्रै करिब ३५ लाख रुपैयाँभन्दा बढीको कोदोको पिठो बिक्री भएको थियो।

कोदोको पिठो स्वास्थ्यका दृष्टिले पोषणयुक्त मानिने र विभिन्न परिकार बनाउन प्रयोग हुने भएकाले यसको माग निरन्तर बढिरहेको कृषि कार्यालयको भनाइ छ।

कृषि विज्ञहरूले कोदो उत्पादन बढाउन जिल्लामा 'कोदो पकेट क्षेत्र' घोषणा गरी सरकारी लगानी विस्तार गर्नुपर्ने आवश्यकता औँल्याएका छन्।

कार्यालय प्रमुख अधिकारीका अनुसार यस विषयमा प्रदेश सरकारसँग पटक-पटक प्रस्ताव पठाइए पनि आवश्यक प्राथमिकता पाउन सकेको छैन। स्थानीय तहले पनि व्यावसायिक कोदो खेती प्रवर्द्धन, बजारीकरण र किसानलाई प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने उनको भनाइ छ।

कृषिमा निर्भर कर्णाली प्रदेशका लागि कोदो उत्पादन आयात प्रतिस्थापन र स्थानीय अर्थतन्त्र सुदृढ बनाउने महत्वपूर्ण आधार बन्न सक्ने कृषि क्षेत्रका सरोकारवालाको विश्वास छ।

बजारको मागलाई ध्यानमा राखी उत्पादन विस्तार, प्रशोधन र ब्रान्डिङमा जोड दिन सके जुम्ली कोदोले राष्ट्रियसँगै अन्तर्राष्ट्रिय बजारमा समेत थप पहिचान बनाउन सक्ने अपेक्षा गरिएको छ।

जाजरकोटमा ६० लिटर घरेलु मदिरा नष्ट

काँक्रेविहार संवाददाता
जाजरकोट, १७ साउन



जिल्ला प्रहरी कार्यालय जाजरकोटले घरेलु मदिरा उत्पादन तथा बिक्री नियन्त्रण अभियानअन्तर्गत भेरी नगरपालिका छ स्याउली बजार क्षेत्रमा करिब ६० लिटर घरेलु मदिरा बरामद गरी नष्ट गरेको छ। प्रहरी सहायक निरीक्षक कविराम जैसीको नेतृत्वमा खटिएको नौ सदस्यीय टोलीले स्थानीय जनप्रतिनिधि, बुद्धिजीवी, समाजसेवी तथा टोल सुधार समितिका पदाधिकारीहरूको उपस्थितिमा १० वटा होटल तथा पसलमा अनुगमन तथा चेकजाँच गरेको थियो।

अनुगमनका क्रममा घरेलु मदिरा उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ र बिक्रीका लागि तयारी अवस्थामा राखिएको करिब ६० लिटर घरेलु मदिरा फेला परेको प्रहरीले जनाएको छ।

बरामद गरिएको मदिरा तथा उत्पादनका लागि प्रयोग हुने कच्चा पदार्थ स्थानीय सरोकारवालाको रोहवरमा नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय जाजरकोटले जनाएको छ।

प्रहरी नायब उपरीक्षक बुद्धिसागर पुरीका अनुसार घरेलु मदिराको अवैध उत्पादन, बिक्री वितरण र सेवन नियन्त्रण गर्दै सुरक्षित, स्वस्थ र सभ्य समाज निर्माण गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको हो। उनले अवैध मदिरा उत्पादन तथा कारोबार रोक्न प्रहरीको निगरानीलाई थप प्रभावकारी बनाइने र यस्ता अभियान आगामी दिनमा पनि निरन्तर सञ्चालन गरिने बताए।

प्रहरीले घरेलु मदिराको अवैध उत्पादन तथा बिक्रीसम्बन्धी सूचना भए नजिकको प्रहरी कार्यालयमा जानकारी गराई अभियानलाई सफल बनाउन समुदायसँग सहयोगको समेत आग्रह गरेको छ।

छ वर्षदेखि अलपत्र ज्येष्ठ नागरिक केन्द्र

काँक्रेविहार संवाददाता
धनगढी, १७ साउन

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमअन्तर्गत निर्माण गरिएको धनगढी उपमहानगरपालिका चार उत्तरबेहडीस्थित ज्येष्ठ नागरिक मिलन केन्द्र लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेको छ। ज्येष्ठ नागरिकको भेटघाट, सामाजिक तथा धार्मिक गतिविधि सञ्चालन र मनोरञ्जनका लागि निर्माण गरिएको उक्त केन्द्र सञ्चालनमा आउन नसक्दा यसको मुख्य उद्देश्य नै ओझेलमा परेको छ।

२०७७ सालमा निर्माण सम्पन्न भएको भवनमा करिब एक सय जना मानिस अट्ने क्षमता रहेको छ। तर, निर्माण सम्पन्न भएको करिब छ वर्ष बितिसक्दा पनि केन्द्र नियमित रूपमा सञ्चालन हुन सकेको छैन। भवन निर्माणमा लाखौँ रुपैयाँ लगानी भए पनि ज्येष्ठ नागरिकका लागि लक्षित कार्यक्रम सञ्चालन नहुँदा स्थानीयवासीले चिन्ता व्यक्त गरेका छन्। शिवपुरी धाम व्यवस्थापन समितिका उपाध्यक्ष तथा कार्यबाहक अध्यक्ष दानसिंह धामीका अनुसार भवन निर्माणपछि केही धार्मिक कार्यक्रमहरू भने सञ्चालन हुँदै आएका छन्। तर, ज्येष्ठ नागरिकलाई केन्द्रमा राखेर नियमित कार्यक्रम, सेवा तथा गतिविधि सञ्चालन गर्न नसक्दा केन्द्रको उद्देश्य पूरा हुन नसकेको उनले बताए।

धामीका अनुसार व्यवस्थापन पक्ष कमजोर हुनु, पर्याप्त आर्थिक स्रोतको अभाव र स्पष्ट सञ्चालन योजनाको कमीका कारण केन्द्र प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको हो। भवनमा सामान्य मर्मतसम्भारको आवश्यकता समेत रहेको उनले जानकारी दिए। केन्द्र सञ्चालनका लागि सम्बन्धित निकाय र सरोकारवालासँग छलफल भइरहेको बताउँदै धामीले छिट्टै सञ्चालनमा ल्याउने प्रयास भइरहेको बताए। केन्द्र सञ्चालनमा आएपछि ज्येष्ठ नागरिकले आफ्ना अनुभव आदानप्रदान गर्ने, सामाजिक सम्बन्ध विस्तार गर्ने तथा धार्मिक र मनोरञ्जनात्मक गतिविधिमा सहभागी हुने अवसर पाउने विश्वास गरिएको छ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय, सुर्खेत

भूमि प्रशासन कार्यालय सुर्खेतबाट जारी भएको नामथर संशोधन सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८३/०४/१८)

जिल्ला जुम्ला पातारासी गाउँपालिका वडा नं. ७, बस्ने भैर बहादुर बुढाको नाति मल्ल बहादुर बुढाको तथा किनकली बुढाको छोरा जन्ममिति २०६६/०८/०४ ना.प्र.नं. ६०-०१-८३-००६८२ जारी मिति २०८३/०२/२७ जुम्लाको डेभिड बुढाले यस कार्यालयमा दिएको निवेदन अनुसार मेरो नाममा दर्ता कायम तपशिल बमोजिमको जग्गाको श्रेष्ता पुर्जामा मेरो नामथर दिल बहादुर बुढा मात्र हुन गई फरक परेकोले ज.ध.को नामथर संशोधन गरी ना.प्र.नं., जारी मिति अनुसार जग्गाधनी पुर्जा तथा श्रेस्तामा संशोधन गरी पाउँ भनि यस कार्यालयमा द.नं. १३४२९ मिति २०८३/०३/१८ मा निवेदन मागदावी रहेकोमा निज बाहेक उल्लेखित जग्गामा अन्य कसैको हक दावी भए माग गरे बमोजिम नाम संशोधन गर्न नमिल्ने कुनै कारण भए वा उल्लेखित जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी गर्न होला। तोकिएको म्याद भित्र कोही कसैको दावी बिरोध नपरे निवेदकको माग दावीलाई स्वीकार गरेको मानि कानून बमोजिम भई जानेछ र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ।

तपशिल

गा.वि.स.	वडा नं.	कि.नं.	क्षेत्रफल	दर्तावालाको नाम	निवेदकको नाम
बयलकाँडा	४ग	१६६१	११९.८९	दिलबहादुर बुढा संरक्षक : भैरवबहादुर बुढा	डेभिड बुढा

(जनक बहादुर हमाल)
कार्यलय प्रमुख



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५११३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)